गोरखापत्र

# राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको

## घर बहालमा लिने बारेको सार्वजनिक सूचना

(प्रथम पटक प्रकाशित मिति (२०८०।०६।२९)

यस बैंकको तपसिलमा उल्लेखित शाखा कार्यालयहरु सञ्चालनका लागि घर बहालमा लिन आवस्यक भएको हुँदा मुख्य बजार क्षेत्रभित्र पानी, बत्ती विजुली, टेलिफोन, पार्किङ्ग सुविधा, घरको भुइतल्लामा **ATM** मेशीन जडान गर्ने सुविधा, सौर्य उर्जा जडान गर्ने सुविधा, जेनेरेटर राख्ने सुविधा लगायत सुरक्षा एवम् बैकिंङ व्यवस्था सञ्चालन गर्न उपयुक्त व्यापारिक क्षेत्रमा कम्तीमा २ वटा ट्वाईलेट तथा बाथरुम रहेको सुविधा सम्पन्न २००० वर्गफीट देखि ३००० वर्गफीट सम्म क्षेत्रफल भएको पक्की घर भाडामा दिन इच्छुक घरधनीहरुले आफुले मासिक भाडामा दिन चाहेको रकम उल्लेख गरी घरको चार किल्ला प्रमाणपत्र, जग्गाधनीको प्रमाण पुर्जा प्रतिलिपि, नागरिकताको प्रतिलिपि, घरको नक्शा तथा बैंकले उपलब्ध गराएको बोलपत्र फारममा माग भए अनुसारको आवस्यक विवरण भरी यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ दिनको कार्यालय समयभित्र शिलबन्दी बोलपत्र पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

(क) घर बहालमा लिनका लागि बोलपत्र आह्वान गरिएको शाखा कार्यालयहरुको विवरण :

| क्र.स. | शाखा कार्यालयको नाम | ठेगाना | बोलपत्र प्राप्त गर्ने र बुझाउने कार्यालय |
|---|---|---|---|
| १ | फिदिम | जिल्ला पाचथर फिदिम नगरपालिका वडा नं. १ स्थित फिदिम बजारको मुख्य बजार क्षेत्रभित्र पर्ने भवन हुनुपर्ने । | राष्ट्रिय वाणिज्य बैंक लि. शाखा कार्यालय, फिदिम । |
| २ | हिले | जिल्ला धनकुटा, धनकुटा नगरपालिका वडा नं. १, हिले बजारको मुख्य बजार क्षेत्रभित्र पर्ने भवन हुनुपर्ने । | राष्ट्रिय वाणिज्य बैंक लि. शाखा कार्यालय, हिले । |
| ३ | झापाबजार | जिल्ला झापा, झापा गाँउपालिका वडा नं. २ र ४ झापाबजारको मुख्य बजार क्षेत्रभित्र पर्ने भवन हुनुपर्ने । | राष्ट्रिय वाणिज्य बैंक लि. शाखा कार्यालय, झापाबजार । |
| ४ | सिजुवाबजार | जिल्ला मोरङ्ग, रतुवामाई नगरपालिका वडा नं. ७ सिजुवाबजारको मुख्य बजार क्षेत्र भित्र पर्ने भवन हुनुपर्ने । | राष्ट्रिय वाणिज्य बैंक लि. शाखा कार्यालय, सिजुवाबजार । |
| ५ | भुटाहा | जिल्ला सुनसरी, हरिनगर गाउँपालिका वडा नं. १ र २ स्थित भुटाहा बजारको मुख्य बजार क्षेत्र भित्र पर्ने भवन हुनुपर्ने । | राष्ट्रिय वाणिज्य बैंक लि. शाखा कार्यालय, ईनरुवा । |

(ख) सेवा/सर्त तथा विस्तृत जानकारी राष्ट्रिय वाणिज्य बैंक लि. कोशी प्रादेशिक कार्यालय विराटनगर, शाखा कार्यालय फिदिम, शाखा कार्यालय हिले, शाखा कार्यालय झापाबजार, शाखा कार्यालय सिजुवाबजार र शाखा कार्यालय ईनरुवा एवं बैंकको **Website: www.rbb.com.np** बाट लिन सकिनेछ ।

राष्ट्रिय वाणिज्य बैंक लि.
RASTRIYA BANIJYA BANK LTD.
...तपाईंको आफ्नै बैंक

राष्ट्रिय वाणिज्य बैंक लिमिटेड
कोशी प्रादेशिक कार्यालय, विराटनगर
मोवाईल नं. ९८५२०२१८३०

## अन्य शर्तहरु :-

१. बोलपत्र आवेदन फारम यस बैंकको आम्दानी अन्य (९५०५०६२६०१) हिसाब शीर्षकमा बोलपत्र दस्तुरबापतको रकम रु ५००। (पछि फिर्ता नहुने गरी) जम्मा गरी सोको सक्कल अर्धकट्टी शाखा कार्यालयमा पेश गरे पछि शाखा कार्यालयबाटै बोलपत्र फारम प्राप्त हुनेछ ।

२ बोलपत्र आवेदन पेश गर्दा शिलबन्दी खाम बाहिर "घर बहालमा दिने बारेको शिलबन्दी बोलपत्र" भनि स्पष्ट उल्लेख गर्नुपर्नेछ ।

३. बोलपत्र साथ संलग्न गरिने आवश्यक कागजातहरुको प्रतिलिपीहरु नोटरी पब्लिक वा कुनै संस्थान वा बैंकको अधिकृतबाट नाम थर दर्जा र कार्यालय समेत खुलाई प्रमाणित गराई संलग्न राख्नु पर्ने छ ।

४. बोलपत्र रकम अंक र अक्षरमा स्पष्ट लेखिएको हुनुपर्नेछ । केरमेट भएको हुनुहुँदैन कथम्कदाचित अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईने छ । कुनै शर्त राखिएको वा दररेट सम्बन्धी अधुरो रहेको बोलपत्र स्वतः रद्ध हुनेछ ।

५. प्राप्त हुन आएका बोलपत्र प्रथमपटक सूचना प्रकाशित भएको मितिले १६ औ दिनको १५:३० बजे बोलपत्रदाता वा निजको प्रतिनिधीको रोहबरमा राष्ट्रिय वाणिज्य बैंक लि. को उल्लेखीत शाखा कार्यालयमा खोलिने छ । तर प्रतिनिधीहरु अनुपस्थित भएमा पनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।

६. बोलपत्र दर्ता गर्ने वा खोल्ने अन्तिम दिन बिदा परेमा सोको लगत्तै कार्यालय खुलेको दिन उपरोक्त बमोजिमको समयमा नै बोलपत्र दर्ता गर्ने वा खोल्ने कार्य हुनेछ ।

७. म्याद नाघी वा रीत नपुगी दाखिला भएको बोलपत्र उपर कुनै कारवाही हुने छैन ।

८. घटी वा बढी रकमको बोलपत्र स्वीकृत गर्ने, अस्वीकृत गर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने आदि सम्पूर्ण अधिकार यस बैकमा नै सुरक्षित रहनेछ सोको कारण प्रकाशमा ल्याईने छैन ।

९. बोलपत्र स्वीकृत भएपछि बैंकले चाहे अनुसारको स्थायी प्रकृतिको कार्य जस्तैः ढुकुटी कोठा, गार्ड कोठाको निर्माण, भुइमा टायल लगाउने र रंगरोगन गर्ने एवं घरको विमा स्वयम् घरधनीले नै गर्नुपर्नेछ । सो को लागि थप रकम उपलब्ध गराईने छैन ।

१०. घर बहाल भुक्तानी दिंदा नेपाल सरकारको नियमानुसार लाग्ने कर अग्रीम रुपमा कटाई बांकी रकम मात्र भुक्तानी दिईने छ ।

११. घरबहालको अवधि बढीमा १० वर्षको हुनेछ ।

१२. घरधनीले करार अवधि भित्र बैंकलाई हटाउन चाहेमा बैंकले निजको घरमा फर्निसिङ्ग गरेको पट्टा सम्पत्तिको ह्रास कट्टी गरी बाँकी रहेको रकम क्षतिपुर्ति स्वरुप घरधनीले बैंकलाई अनिवार्यरुपमा भुक्तानी गर्नुपर्नेछ ।

१३. बैकले घर छाड्नु परेमा ३५ (पैतीस) दिनको अग्रिम सूचना दिई घर छोड्न सकिने छ ।

१४. अन्य शर्त बोलपत्र कागजमा उल्लेख भए अनुसार नै हुनेछ । यस सम्बन्धमा कुनै कुरा बुझ्नु परेमा कार्यालय खुलेको दिन राष्ट्रिय वाणिज्य बैंक लि. कोशी प्रादेशिक कार्यालय, विराटनगर तथा सम्बन्धित शाखा कार्यालयमा सम्पर्क राखी बुझ्न सकिने छ ।

राष्ट्रिय वाणिज्य बैंक लि.
RASTRIYA BANIJYA BANK LTD.
...तपाईंको आफ्नै बैंक

राष्ट्रिय वाणिज्य बैंक .लिमिटेड
कोशी प्रादेशिक कार्यालय, विराटनगर
मोवाईल नं. ९८५२०२१८३०